"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका कार्यालय

## इलाम

Green Ilam

च.नं.

प.सं. यो.प्रा.शा. (    ) २०७२/०७३

इलाम, मेची, नेपाल

मिति : २०७२/०९/१२

**विषय :– शित भण्डारको मेशिन मर्मत गर्ने बारेको शिलवन्दि दरभाउ पत्र आव्हानको सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०७२/०९/१२

इलाम नगरपालिका वडा नं. ३ शेरा मा अवस्थित शित भण्डार कार्य शिलबन्दी दरधाउपत्रवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरु वा मर्मतकर्ता संस्थाहरुका लागि निम्न शर्तहरुको अधिनमा रहि यो रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउपत्र कागजात यस कार्यालयवाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिवाट रितपूर्वक दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई (राजश्व खाता न. ०४००३००००४३२) खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र कागजात खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरु वा मर्मतकर्ता संस्थाहरुले नियमानुसारको कागजात दस्तुर बुझाएको रसिद पेश गरी निवेदन दिनु पर्नेछ । निवेदन साथ उद्योग दर्ता प्रमाण पत्र, ठेक्का (इजाजत) प्रमाण पत्र, आयकरको स्थायी नम्वर लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र र गत आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएका दरभाउपत्र फारम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले १६ (औ) दिनको १२.०० वजे भित्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । दाखिला हुन आएका दरभाउपत्रहरु सोही दिनको २.०० वजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्रखोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन तोकिएको समय भित्र यस कार्यालयमा दरभाउपत्र बुझाउन सकिने छ ।

५. दरभाउपत्र फारम यस कार्यालयमा खरिद तथा दाखिला गर्न सकिनेछ । अन्य कार्यालयमा पेश गरिएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

६. दरभाउपत्रको खाम वाहिर दरभाउपत्र नम्बर, दाखिला गर्ने कार्यालयको नाम, कामको विवरण र दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं (घरको, मोवाईलको) स्पष्ट लेखिएको हुनु पर्नेछ ।

७. दरभाउपत्रसाथ ने.वै.लि. इलाम स्थित धरौटी खाता नं. ०४००३००००३२ मा निर्माण सेवा वा मर्मत गर्ने संस्थाको नामवाट तपसीलमा उल्लेखित जमानत वापतको रकम जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्रपेश गर्ने अन्तिम मितिदेखि कम्तिमा ७५ (पचहत्तर दिन) म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकहरुवाट यस कायालयको नाममा जारी गरिएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ । सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्का पट्टा नं र कामको विवरण उल्लेख भएको हुनु पर्ने छ । सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

८. दरभाउपत्रदाताले स्पष्ट रुपमा अंक तथा अक्षर दुवैमा दररेट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

९. एउटा फर्मका नामवाट खरिद गरिएको दरभाउपत्र फारम अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन ।

१०. दरभाउपत्रदाताले दरभाउपत्रपेश गर्दा मुल्य अभिवृद्धि कर वाहेकको दरभाउपत्र पेश गर्नु पर्नेछ ।

११. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्रदाता स्वयम् आफैले बुझाउनु पर्नेछ ।

१२. अन्य विस्तृत विवरण Bid Document को Bid Data मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी दरभाउपत्रदाताको हुनेछ ।

१३. सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराईएको दरभाउपत्र फाराममा कुनै थपघट गरिएको रित नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्रउपर कुनै कारवाही गरिने छैन ।

१४ दरभाउपत्रको परीक्षण र मूल्यांकन स्पेशिफिकेसन अनुसार हुनेछ र परीक्षण गर्न लाग्ने सम्पूर्ण खर्च कवोल दररेटमा नै समावेश गर्नुपर्नेछ ।

कार्यकारी अधिकृत

✆ ०२७-५२००६०/ ५२००६५ फ्याक्सः ०२७-५२००३१ दमकलः ०२७-५२००३०
URL: www.ilammun.gov.np Email: mun.ilam@gmail.com

"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"
# इलाम नगरपालिका कार्यालय
इलाम

Green Ilam

च.नं.
प.सं. यो.प्रा.शा. (   ) २०७२/०७३

इलाम, मेची, नेपाल
मिति : २०७२/०९/१२

१५ दरभाउपत्रदाताहरुले आफ्नो दरभाउपत्र दाखिला गर्नु अगावै दरभाउपत्रमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरि पेश गर्न सकिनेछ ।

१६. यस कार्यको लागी रकम जम्मा गर्ने वैंकको विवरण निम्नानुसार रहेको छ । फ्याक्स ट्रान्सफर आदि मार्फत गरीने खरीद उपर कारवाही गरीने छैन ।

वैंकको नाम :- नेपाल वैक लि. इलाम    धरौटी खाता नं. :- ०४००३००००३२

१८. दरभाउपत्रको अन्य डकुमेण्टमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्विकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१९. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय स्वायत्त शासन ऐन, नियमावलि तथा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन) तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

२०. दरभाउपत्र शर्तरहित, केरमेट नभएको मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका डकुमेण्ट फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ । एकपटक पेश भएको दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

२१. दरभाउपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको योजना तथा प्राविधिक शाखामा सम्पर्क गर्न सकिनेछ ।

## सिलवन्दी दरभाउपत्रसम्वन्धि कार्यको विवरण

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट वाहेक) | जमानत रकम | दरभाउपत्र फारम दस्तुर रु. | दरभाउपत्र खरिद गर्न सकिने अवधि (दिन) |
|---|---|---|---|---|---|---|
| १ | इ.न.पा.का./इलाम/मर्मत ०२/०७२/०७३ | शित भण्डारको मेशिन मर्मत गर्ने बारेको शिलवन्दि दरभाउ पत्र आव्हानको सूचना । | ४८१,०००.०० | १२,५००.०० | ३००।- | १५ दिन |

कार्यकारी अधिकृत

☏ ०२७-५२००६०/ ५२००६५ फ्याक्सः ०२७-५२००३१ दमकलः ०२७-५२००३०
URL: www.ilammun.gov.np Email: mun.ilam@gmail.com